**म.प.बै.सं. ४६।०८२**

## संवत् २०८२ साल माघ २ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः २०८२ फागुन १२ देखि १५ गतेसम्म थाइल्याण्डको बैंककमा आयोजना हुने १३ औं Asia Pacific Forum on Sustainable Development (APFSD) विषयक कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. प्रकाश कुमार श्रेष्ठको नेतृत्वको प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः २०८२ फागुन ४ देखि ७ गतेसम्म भुटानको थिम्पुमा सञ्चालन हुने Second Mountains Connect Interregional Workshop कार्यक्रममा सहभागी हुन राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. प्रकाश कुमार श्रेष्ठलाई स्वीकृति प्रदान गर्ने।

३. अर्थ मन्त्रालयः विश्व वातावरण सुविधाबाट विश्व वन्यजन्तु कोषमार्फत नेपालमा मानव-बाघ अन्तरसम्बन्ध व्यवस्थापन परियोजनाका लागि प्राप्त हुने छत्तिस लाख एक्काइस हजार नौ सय त्रियासी अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गर्ने।

४. अर्थ मन्त्रालयः विश्व बैंकबाट स्वच्छ वायु तथा समृद्धि परियोजना नेपालका लागि प्रस्ताव गरिएको बाउन्न मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा पाँच मिलियन अमेरिकी डलर अनुदान सहायता स्वीकार गर्न वार्ता टोली गठन गर्ने।

५. अर्थ मन्त्रालयः २०८२ भदौ २३ र २४ गतेको आन्दोलनबाट क्षतिग्रस्त भौतिक संरचनाहरूको पुनर्निर्माण र भौतिक सम्पत्तिको पुनर्व्यवस्थापन सम्बन्धी सङ्क्षिप्त कार्ययोजना, २०८२ कार्यान्वयन गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने।

६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः नेपाल इन्जिनियरिङ सेवा, जियोलोजी समूह, हाइड्रो जियोलोजी उपसमूह, रा.प.प्रथम श्रेणी, सहसचिव वा सो सरहको पदमा बढुवा नियुक्ति हुनुभएका श्री देवकुमार स्याङबोलाई ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय वा अन्तर्गत पदस्थापना गर्ने।

७. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः नेपाल इन्जिनियरिङ सेवा, राजपत्राङ्कित प्रथम श्रेणीका सुपरिन्टेण्डिङ इन्जिनियर श्री सुशील चन्द्र देवकोटाको राजीनामा स्वीकृत गर्ने।

८. गृह मन्त्रालयः नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ कात्तिक १७ को निर्णयबमोजिम शहीद घोषणा गरिएका ४५ जना शहीदका सगोल परिवारका सदस्यहरूको प्राथमिकता क्रमानुसार क्रमशः पति/पत्नी, छोरा/छोरी र बाबु/आमामध्ये कुनै एकलाई मासिक सात हजार रुपियाँका दरले आजीवन जीवन निर्वाह वृत्ति उपलब्ध गराउने।

९. गृह मन्त्रालयः कारागार नियमावली, २०८२ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

१०. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः सहकारीमा भएको बेथितिसम्बन्धी छानविन तथा जाँचबुझ गर्न पूर्वन्यायाधीश श्री विनोद प्रसाद शर्माको नेतृत्वमा पाँच पदस्यीय जाँचबुझ आयोग, २०८२ गठन गर्ने।

११. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक हवाई सेवा, पाइलट समूहका सहायक रथी सन्जीव घिमिरेको सरुवा गर्ने।

१२. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक हवाई सेवा, पाइलट समूहका महासेनानी किरण थापालाई सोही सेवा, समूहको सहायक रथी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

१३. रक्षा मन्त्रालयः २०८२ माघ ३ देखि ९ गतेसम्म भारतमा सञ्चालन हुने अध्ययन भ्रमणमा भ्रमणदल प्रमुखको रूपमा उपरथी भुवन खत्रीलाई सहभागी हुन स्वीकृति दिने।

१४. वन तथा वातावरण मन्त्रालयः केरावारी-न्यू मर्स्याङ्दी (दरौंदी करिडोर) विद्युत प्रसारण लाईन आयोजना निर्माणको लागि गोरखा जिल्लामा रहेको राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

१५. वन तथा वातावरण मन्त्रालयः सेती खोला जलविद्युत आयोजनाको १३२ के.भि. विद्युत प्रसारण लाइन आयोजना निर्माणको लागि कास्की र तनहुँ जिल्लामा रहेको राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने विषयको प्रस्ताव  मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

१६. वन तथा वातावरण मन्त्रालयः माथिल्लो जुनवेशीखोला जलविद्युत आयोजना निर्माणको लागि सोलुखुम्बु जिल्लामा रहेको राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

१७. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को उपाध्यक्ष पदमा मोहम्मद सफिउल्लाह, रौतहटलाई नियुक्त गर्ने।

१८. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः शिक्षा (दशौं संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

१९. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः २०८२ फागुन १२ मा जापानको टोकियोमा आयोजना हुने Japan-Nepal Employment Conference को दोस्रो संस्करणमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव डा. दिपक काफ्लेलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।

२०. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीका आठ जना सहसचिवहरूको सरुवा गर्ने।

२१. शहरी विकास मन्त्रालयः भौतिक पूर्वाधार पुनर्निर्माण समिति (गठन) आदेश, २०८२ को दफा ८ बमोजिमको कोषमा जम्मा भएको रकममध्ये एघार करोड नब्बे लाख अट्ठाइस हजार रुपियाँ जेनजी शहीद परिवार कल्याणकारी समाजलाई राहतस्वरूप अनुदान उपलब्ध गराउने।

२२. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृत श्री राधिका अर्याललाई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा र श्री लक्ष्मीकुमारी बस्नेतलाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सरुवा गर्ने।

**म.प.बै.सं. ४७/०८२**

## संवत् २०८२ साल माघ ०८ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. अर्थ मन्त्रालयः सिद्धार्थ राजमार्ग (बुटवल-पोखरा खण्ड) सुधार आयोजनाको तयारीका लागि एसियाली पूर्वाधार लगानी बैंकबाट प्राप्त हुने दुई मिलियन अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गर्ने।

२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः तोकिएका विदेशी लगानीका उद्योग व्यवसायका क्षेत्रमा स्वचालित मार्ग (अटोमेटिक रुट) बाट हुने विदेशी लगानीको सिमा हटाउन स्वीकृति प्रदान गर्ने।

३. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः भारतको नयाँ दिल्लीमा २०८२ माघ २२ देखि २४ गतेसम्म सञ्चालन हुने 1st South Asian Agroforestry and Trees outside Forests Conference (TREESCAPES-2026) मा कृषि तथा पशुपन्छी विकास मन्त्री माननीय डा. मदन प्रसाद परियार एवं सचिव डा. राजेन्द्र प्रसाद मिश्रको भारत भ्रमण स्वीकृत गर्ने।

४. गृह मन्त्रालयः भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा भएको भौतिक एवं मानवीय क्षतिको यथार्थ छानविन गरी प्रतिवेदन पेश गर्न गठित जाँचबुझ आयोग, २०८२ को म्याद बिस दिन थप गर्ने।

५. परराष्ट्र मन्त्रालयः नेपाल सरकारको प्रतिनिधित्व गर्दै २०८२ पुस १५ देखि १७ गतेसम्म बंगलादेशकी पूर्वप्रधानमन्त्री बेगम खालिदा जियाको अन्त्येष्टि समारोहमा सहभागी माननीय परराष्ट्र मन्त्रीको बंगलादेश भ्रमण समर्थन गर्ने।

६. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः नेपाल सरकारको नाममा दर्ता रहेको भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिका वडा नं. ८ स्थित जग्गा प्रदेश जनस्वास्थ्य प्रयोगशालाको कार्यालय भवन निर्माण गर्ने प्रयोजनका लागि प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई उपयोग गर्न स्वीकृति दिने।



नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

७. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः नेपाल सरकारको नाममा दर्ता स्रेस्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला, धुलिखेल वडा नं. ८ स्थित जग्गा खानेपानी तथा सरसफाई डिभिजन नं. ३, सिन्धुपाल्चोकलाई उपयोग गर्न स्वीकृति दिने।
८. वन तथा वातावरण मन्त्रालयः मोन्ट्रियल प्रोटोकलको किगाली संशोधन नेपाल राजपत्रमा प्रकाशन गर्ने।
९. नेपाल सरकारको प्रवक्तामा माननीय गृह मन्त्रीलाई तोक्ने।
१०. मन्त्रिपरिषद्का समितिमा हेरफेर गरी समितिहरू पुनर्गठन गर्ने।

**म.प.बै.सं. ४८/०८२**

**संवत् २०८२ साल माघ १२ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. अर्थ मन्त्रालयः अर्को व्यवस्था नभएसम्मको लागि नेपाल बीमा प्राधिकरणको रिक्त सञ्चालक समितिको अध्यक्ष भई कामकाज गर्ने गरी श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री चन्द्रकला पौडेललाई जिम्मेवारी तोक्ने।
२. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः कोल्टी अस्पतालको भवन निर्माणका लागि बुढीनन्दा नगरपालिका, कोल्टी, बाजुरालाई सरकारी जग्गा उपयोग गर्न स्वीकृति दिने।
३. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः सार्वजनिक प्रकृतिको जग्गा जन प्रकाश मा.वि. मुढि र प्राथमिक स्वास्थ्य केन्द्र मुढि कैलालीलाई प्रयोग गर्न स्वीकृति दिने।
४. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक इन्जिनियरिङ्ग समूह, मर्मत तथा सम्भार उपसमूहका महासेनानी जगत शाहको पदावधि थप गर्ने।
५. वन तथा वातावरण मन्त्रालयः माथिल्लो सेती खोला जलविद्युत आयोजना निर्माणको लागि राष्ट्रिय वनको जग्गा प्रयोग गर्न स्वीकृति दिने।
६. वन तथा वातावरण मन्त्रालयः २०८२ फागुन ५ देखि ७ गतेसम्म श्रीलंकाको कोलोम्बोमा आयोजना हुने Consultation Workshop of National Focal Point in Preparation for the 17th Meeting of the governing Council of SACEP मा सहभागी हुन वन तथा वातावरण मन्त्रालयका सचिव डा.गोविन्द प्रसाद शर्मालाई स्वीकृति प्रदान गर्ने।
७. वन तथा वातावरण मन्त्रालयः तामाकोशी पाँचौं जलविद्युत आयोजना निर्माणका लागि राष्ट्रिय वनक्षेत्र प्रयोग गर्न स्वीकृति दिने।
८. वन तथा वातावरण मन्त्रालयः माथिल्लो संखुवाखोला जलविद्युत आयोजना निर्माणको लागि राष्ट्रिय वनको जग्गा प्रयोग गर्न स्वीकृति दिने।
९. वन तथा वातावरण मन्त्रालयः सुतीखोला जलविद्युत आयोजना निर्माणको लागि राष्ट्रिय वनको जग्गा प्रयोग गर्न स्वीकृति दिने।
१०. राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान, नेपाल र नेपाल सरकारको तर्फबाट तत्कालीन सञ्चार तथा सूचना प्रविधि मन्त्रीबिच मिति २०८२ माघ २ गते भएको सम्झौता अनुमोदन गर्ने।
११. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृतहरू श्री रामआधार साहलाई खानेपानी मन्त्रालयबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र श्री विश्वबाबु पुडासैनीलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट खानेपानी मन्त्रालयमा सरुवा गर्ने।

**म.प.बै.सं.४९/०८२**

**संवत् २०८२ साल माघ १५ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. अर्थ मन्त्रालयः नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको पुनर्संरचनासम्बन्धी सुझाव समिति, २०८२ ले पेश गरेको नेपाल स्टक एक्सेञ्जको पुनर्संरचना सम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक गर्ने।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**

२. अर्थ मन्त्रालयः वृहत्तर लुम्बिनी क्षेत्र विकास आयोजना (Greater Lumbini Area Development Project–GLAD) का लागि विश्व बैंक समूहको अन्तर्राष्ट्रिय विकास संस्था (IDA) बाट सहुलियतपूर्ण ऋण प्राप्त गर्ने प्रयोजनको लागि वार्ता टोली गठन गर्ने।
३. अर्थ मन्त्रालयः भन्सार नियमावली, २०८२ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।
४. गृह मन्त्रालयः प्रतिनिधि सभा सदस्य निर्वाचन,२०८२ सम्पन्न गर्न गृह मन्त्रालय र अन्तर्गत गठन भएको कमाण्ड पोष्ट तथा निर्वाचन सेलमा खटिएका कर्मचारीलाई अर्थ मन्त्रालयको सहमतिको सिमाभित्र रही दोहोरो नपर्ने गरी शुरू तलब स्केलको शतप्रतिशत भत्ता उपलब्ध गराउन स्वीकृति प्रदान गर्ने ।
५. गृह मन्त्रालयः नेपाल प्रहरीले हाल खाइपाइ आएको प्रतिदिन प्रति व्यक्ति राशन स्केल १६ आईटमलाई १९ आईटम बनाउने तथा नेपाल प्रहरीले हाल खाइपाई आएको जिल्ला र स्थानहरूको दैनिक राशन वापतको संसोधित नगद रकममा कायम गर्ने।
६. परराष्ट्र मन्त्रालयः नेपाल र जापानबिचको कूटनीतिक सम्बन्ध स्थापनाको ७० औं वर्षगाँठको उपलक्ष्यमा २०८२ माघ १८ देखि २१ गतेसम्म जापानको औपचारिक भ्रमणमा सहभागी हुने सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलको नेतृत्वको नेपाली प्रतिनिधिमण्डलको गठन गर्ने।
७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीका दुईजना सहसचिवहरूको सरूवा गर्ने।

**म.प.बै.सं. ५०/०८२**

**संवत् २०८२ साल माघ २० गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. अर्थ मन्त्रालयः Digital Nepal Transformation Project का लागि एशियाली विकास बैंकबाट प्राप्त हुने ४० मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्न वार्ता टोली गठन गर्ने।
२. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०८१ फिर्ता लिन स्वीकृति प्रदान गर्ने।
३. शहरी विकास मन्त्रालयः संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन, २०५४ को दफा २ को खण्ड (झ) अनुसारको "अधिकार प्राप्त अधिकारी" तोक्ने।
४. शहरी विकास मन्त्रालयः निर्माणाधीन संसद भवनको दक्षिण पूर्वपट्टी रहेको हरियाली क्षेत्र तोकिएको स्थानमा जेनजी आन्दोलनका शहीदहरूको अर्धकदको सालिक निर्माण गर्ने विषय समावेश गरिएको सिंहदरबार परिसरको संशोधित गुरुयोजना स्वीकृत गर्ने।

**म.प.बै.सं. ५१/०८२**

**संवत् २०८२ साल माघ २६ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः राष्ट्रिय आर्थिक गणना २०८२ को तथ्याङ्क सङ्कलन गर्ने आदेश, २०८२ स्वीकृत गर्ने।
२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः नेपाल सरकारको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेश गर्ने।
३. अर्थ मन्त्रालयः जनकपुर चुरोट कारखाना लिमिटेड, गोरखकाली रबर उद्योग लिमिटेड, उदयपुर सिमेन्ट उद्योग लिमिटेड, हेटौंडा सिमेन्ट उद्योग लिमिटेड, नेपाल मेटल कम्पनी लिमिटेड, बुटवल धागो कारखाना लिमिटेड र नेपाल ओरियण्ड म्याग्नेसाइट प्रा.लि. गरी सात वटा प्रतिष्ठानको सरकारी लगानी व्यवस्थापनको कार्य सम्पन्न गर्न समय तीन महिना थप गर्ने।
४. अर्थ मन्त्रालयः २०८२ चैत १० देखि १२ गतेसम्म भारतको चण्डीगढमा आयोजना हुने 4th ASOSAI-EUROSAI Joint Conference मा सहभागी हुन माननीय महालेखापरीक्षक श्री तोयम राया र उपमहालेखापरीक्षक श्री पदमराज पौडेललाई स्वीकृति प्रदान गर्ने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः निजगढ-रमौली-पोखरिया ४०० के.भी. प्रसारणलाइन आयोजनाको लागि बारा जिल्ला, जितपुर सिमरा उपमहानगरपालिका वार्ड नं. ८ मा करिव ३ विगाह निजी जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने।

६. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः भारतको वाराणसीमा २०८२ फागुन ७ मा आयोजन हुने 9th Coordination Committee Meeting of ISARC बैठकमा सहभागी हुन कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. राजेन्द्र प्रसाद मिश्रको भारत भ्रमण स्वीकृत गर्ने।

७. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः कोलम्बियाको कार्टाहिनमा २०८२ फागुन १२ देखि १६ गतेसम्म आयोजना हुने Second International Conference on Agrarian Reform and Rural Development (ICARRD+20) मा कृषि तथा पशुपन्छी विकास मन्त्री माननीय डा. मदन प्रसाद परियारलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।

८. गृह मन्त्रालयः दुई जना नेपाली नागरिकको नागरिकताको प्रमाणपत्रमा नाम तथा लिङ्ग पुरुषबाट परिवर्तन गरी महिला कायम गर्न स्वीकृति प्रदान गर्ने।

९. गृह मन्त्रालयः भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा भएको भौतिक एवं मानवीय क्षतिको यथार्थ छानविन गरी प्रतिवेदन पेश गर्न गठित जाँचबुझ आयोग, २०८२ को म्याद पच्चीस दिन थप गर्ने।

१०. परराष्ट्र मन्त्रालयः २०८२ फागुन ८ मा पोर्चुगल लिस्वनमा आयोजना हुने नेपाल र पोर्चुगलबिच परराष्ट्र मन्त्रालयस्तरीय द्विपक्षीय परामर्श संयन्त्रको पहिलो बैठकमा सहभागी हुने परराष्ट्र मन्त्रालयका सचिव नेतृत्वको नेपाली प्रतिनिधिमण्डल गठन गर्ने।

११. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका दुईजना प्रमुख सेनानीलाई महासेनानी दर्जामा बढुवा गर्ने।

१२. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक हवाई सेवा, पाइलट समूहका प्रमुख सेनानी ऋषभ वहादुर अधिकारीलाई सोही सेवा, समूहको महासेनानी दर्जामा बढुवा गर्ने।

१३. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक इन्जिनियरिङ समूह, सिभिल तथा आर्किटेक्चर उपसमूहका प्रमुख सेनानी रुपकराज बिष्टलाई सोही सेवा, समूह तथा उपसमूहको महासेनानी दर्जामा बढुवा गर्ने।

१४. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका सोह्रजना महासेनानीहरूको सरुवा गर्ने।

१५. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवातर्फका आठजना सहायक रथीहरूको सरुवा गर्ने।

१६. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका दुईजना महासेनानीहरूको सरुवा गर्ने।

१७. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक स्वास्थ्य समूह, मेडिकल उपसमूहका दुईजना महासेनानीको पदावधि थप गर्ने।

१८. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक हवाई सेवा, पाइलट समूहका महासेनानी रचन श्रेष्ठको सरुवा गर्ने।

१९. रक्षा मन्त्रालयः नेपाली सेनाले नेपाल प्रहरीलाई प्रतिनिधि सभा सदस्य निर्वाचन-२०८२ को लागि तोकिएको सङ्ख्यामा पेस्तोल तथा म्यागिजिन निर्वाचन सम्पन्न भएपश्चात् साबुत हालतमा फिर्ता गर्नेगरी बालगिरीमा उपलब्ध गराउन स्वीकृति प्रदान गर्ने।

२०. वन तथा वातावरण मन्त्रालयः २०८२ फागुन १३ देखि १५ गतेसम्म भारतको नयाँ दिल्लीमा आयोजना हुने World Sustainable Development Summit (WSDS), 2026 मा वन तथा वातावरण मन्त्रीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।

२१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीका आठजना सहसचिवहरूको सरुवा गर्ने।

२२. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः २०८२ चैत ९ देखि १३ गतेसम्म केन्याको नैरोबीमा आयोजना हुने International Maternal Newborn Health Conference (IMNHC) मा स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. केशर बहादुर ढकाललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।

२३. अर्थ मन्त्रालयः २०८२ भदौ २३ र २४ गतेको आन्दोलनबाट क्षतिग्रस्त भौतिक संरचनाहरूको पुनर्निमाण र भौतिक सम्पतिको पुनर्व्यवस्थापन सम्बन्धी कार्ययोजना, २०८२ कार्यान्वयन गर्ने।

२४. राष्ट्रिय सभाको चालु अधिवेशन संवत् २०८२ साल फागुन १ गते शुक्रबार राति १२:०० बजेदेखि अन्त्य हुन सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**